नेपाल सरकार
गृह मन्त्रालय
प्रहरी प्रधान कार्यालय
साईबर ब्यूरो

फोन: ९८५१२८६७७०, ०१-४२१९०४४
Ext:
Email: cyberbureau @nepalpolice.gov.np

भोटाहिटी, काठमाण्डौ
मिति: २०७७-०४-१६ गते।

# प्रेस विज्ञप्ती

## अश्लिल फोटो तथा सामाग्रीहरु सामाजिक संजालमा पठाउने व्यक्ति पक्राउ।

जिल्ला तनहुँ भानु न.पा. बस्ने नाबालिका बर्ष १३, परिवर्तित नाम 'कखग' को फोटो प्रयोग गरि फेसबुकमा Fake I.D. बनाई अश्लिल फोटो तथा सन्देशहरु निज बालिकाको दिदी एवं आफन्तहरुलाई पठाएको भन्ने निवेदन एवं सूचनाको आधारमा अनुसन्धानको क्रममा उक्त कार्यमा संलग्न देखिएका जिल्ला तनहुँ भानु न.पा.-८ घर भई हाल काठमाण्डौ महानगरपालिका वडा नं. १६ बालाजु बस्ने बर्ष ३८ को सविन राज मिश्रलाई मिति २०७७/०४/१५ गते पक्राउ गरी सम्मानित जिल्ला अदालत काठमाण्डौमा पेश भई ऐ. मितिबाट लागु हुने गरी दिन सात (७) म्याद लिई थप अनुसन्धान भईरहेको व्यहोरा अनुरोध गरिएको छ।

साथै निज सविन राज मिश्र यस अघि मिति २०७६/०८/२४ गते विद्युतीय कारोबार ऐन २०६३ को कसुरमा सम्मानित जिल्ला अदालत काठमाण्डौबाट रु.१,००,०००/- (एक लाख) धरौटीमा छुटी गएको व्यक्ती भएको व्यहोरा समेत अनुरोध गरिएको छ।

**प्रवक्ता एवं सूचना अधिकारी**
सह-निर्देशक
(नविन्द अर्याल)
प्रहरी वरिष्ठ उपरीक्षक

*पुनश्च:- अश्लिल तथा यौनजन्य सामाग्रीहरु कम्प्यूटर, इन्टरनेट लगायतका विद्युतीय वा अन्य माध्यमहरुबाट प्रकाशन, प्रशारण वा प्रदर्शन गर्नु सार्वजनिक नैतिकता, शिष्टाचार विरुद्दमा हुने, व्यक्तिलाई अपमान तथा हैरानी गर्ने, घृणा वा द्वेष फैलाई समाजमा विकृती विसंगती बढाउने हुदाँ कानूनद्वारा दण्डनीय भएकोले कसैले पनि त्यस्तो कार्यहरु नगर्न र नगराउनु हुन अनुरोध गरिएको छ।*